# भागेश्वर गाउँपालिका करारमा स्वयम सेवक शिक्षक भर्ना सम्बन्धीको कार्यबिधि - २०७५

## भागेश्वर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, डडेल्धुरा

कार्यपालिकाले पारित मिति : २०७५/०५/०६ गते

Scanned by CamScanner

# करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यबिधि, - २०७५

**प्रस्तावना**

नेपालको संविधान (२०७२) ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. ले समेत आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापनसम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकार स्थानीय तहको हुने व्यवस्था गरेको छ । भागेश्वर गाउँकार्यपालिकाले स्वीकृत गरेको शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य-संचालन तथा व्यवस्थापन कार्यविधि - २०७५को दफा १२.६को उपदफा २ ले दिएको अधिकारलाई प्रयोग गरी करारमा शिक्षक भर्ना सम्बन्धी कार्यबिधि - २०७५ तयार गरिएको छ ।

## परिच्छेद - १

## १. संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ**

१: यस कार्यबिधिको नाम "करारमा स्वयम सेवक शिक्षक भर्ना सम्वन्धि कार्यबिधी- २०७५" रहेको छ ।

(२) यो मापदण्ड भागेश्वर गाउँपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयहरुमा लागु हुनेछ ।

**(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।**

२.परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यबिधि" भन्ना ले करार स्वयम सेवक शिक्षक भर्ना सम्वन्धी कार्यबिधी,-२०७५ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका"भन्नाले भागेश्वर गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "करार स्वयम सेवक शिक्षक दरवन्दी "भन्नाले भागेश्वर गाउँपालिका भित्रका हाल मौज्दात दरबन्दी र भागेश्वर गाउँपालिकाद्धारा थप गरेका करार स्वयम सेवक शिक्षकको दरबन्दीलाई सम्झनु पर्छ ।

(ङ) **"करार स्वयम सेवक शिक्षक"** भन्नाले भागेश्वर गाउँपालिका भित्रका अनुमति प्राप्त वा स्विकृत प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरवन्दि अभाव भई गाउँ कार्यपालिकाको गाउँसभा वाट विनियोजित गरेको परामर्श सेवाको रकम वाट मासिक रुपमा पारिश्रमिक पाउने गरि नियुक्त गरेको करार स्वयम सेवक शिक्षकलाई सम्झनुपर्छ ।

(च) "शिक्षक छनौट समिति" भन्नाले करार स्वयम सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यबिधिकोले शिक्षक भर्ना गर्न गठित छनौट समितिलाई सम्झनुपर्छ ।

(छ)" अध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भागेश्वरगाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) "शिक्षा शाखा प्रमुख " भन्नाले गाउँपालिकाको नेपाल सरकारबाट तोकिएको शिक्षा शाखा प्रमुख तथा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ)"श्रोत व्यक्ति" भन्नाले भागेश्वर गाउँपालिमा कार्य क्षेत्र तोकिएका स्रोत व्यक्तिलाई सम्झनुपर्छ ।

Scanned by CamScanner

(ट) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले भागेश्वर गाउपालिका भित्रका विद्यालयको रेखदेख तथा निरिक्षण गर्ने शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

(ठ)"विषय विशेषज्ञ"भन्नाले सम्वन्धीत विषयमा स्नातकोत्तर (मा.वि. तह)/स्नातक तह (आधारभुत तह) उत्तिर्ण भई नेपाल सरकारको स्थायी नियुक्ति लिएको हुनुपर्नेछ।

(ड)"पारिश्रमिक "भन्ना लेयस कार्यबिधि खण्ड १२ अनुसार करार स्वयम सेवक शिक्षकलाई दिइने मासिक पारिश्रमिक लाई सम्झनु पर्छ।

परिच्छेद - २

**२ करार स्वयम सेवक शिक्षक दरबन्दी**

१.भागेश्वर गाँउपालिका सामुदायीक विद्यालयलाई तपसिल बमोजीमको शिक्षक विद्यार्थी अनुपात हुनुपर्ने छ

**क) करार स्वयम सेवक शिक्षक दरवन्दि अनुपात:**

(अ) आधारभुततह (कक्षा १ – ५ ) ४५ जना विद्यार्थी बराबर १ जना शिक्षक

(आ) आधारभुत तह(कक्षा ६ – ८ ) ४५ जना विद्यार्थी बराबर १ जना शिक्षक

(इ) माध्यमिक तह ( ९ – १२) ४५ जना विद्यार्थी बराबर १ जना शिक्षक

पूनश्च: मथि उल्लेखीत मापदण्ड सामुदायिक विद्यालयमा नेपाल सरकारको दरवन्दी प्राप्त नभएको तथा माथि उल्लेखीत विद्यार्थी संख्याको आधारमा अपुग भएका विद्यालयको मात्र हकमा लागु हुनेछ र नेपाल सरकारबाट दरवन्दि प्राप्त हुना साथ जुन विषयको दरवन्दी प्राप्त भयो सो विषयको करार स्वयम् सेवक शिक्षक दरवन्दी स्वत: हट्ने छ साथै आधारभुत तहमा ( ६,७ र ८) चलेको विद्यालयमा न्यूनतम ३ वटा दरवन्दी हुनु पर्नेमा ३ भन्दा कम दरवन्दी भएको वा दरवन्दी नै नभएको विद्यालयलाई स्वय सेवक शिक्षक उपलव्ध गराईने छ ।

परिच्छेद - ३

**शिक्षक छनौट समिति गठन**

४.शिक्षक छनौट समिति रहने

१: सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्ने गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत - संयोजक

(ख) सामाजिक बिकास समितिको संयोजक- सदस्य

(ग)गाउँ कार्यपालिकाले मनोनित गरे एकजना स्नातकोत्तर(मा.बि तह) र स्नातक तह (आधारभुत तह) उत्तिर्ण गरेको १ जना महिला (सम्भव भए) पर्ने गरी २ जना विषय विशेषज्ञ - सदस्य

घ) शिक्षा शाखा प्रमुख तथा निजले तोकेको एक जना प्रतिनिधि - सदस्य सचिव

**२. समितिको काम, कर्तब्य र अधिकार**

क) परिक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने , प्रश्नपत्रको निर्माण गर्ने ,प्रश्नपत्रका गोपनियता कायम गर्ने , लिखित ,मौखिक तथा प्रयोगात्मक परिक्षा संचालन गर्ने, प्रश्नपत्र जाचँ गरी अन्तिम नतिजा प्रकाशित गर्ने ,

(ग) परिक्षाको लागि तह अनुसारको पाठयक्रम् निर्धारण गर्ने ।

Scanned by CamScanner

(घ)परिक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ,व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ,
(ङ)परिक्षालाई मर्यादित ,स्वच्छ ,निष्पक्ष एंव त्रुटि रहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ,
(च) गाउँ कार्यपालिका एंव गाउँ शिक्षा समितिसँग परिक्षा संचालनको सम्वन्धमा आवस्यक समन्वय गर्ने तथा गराउने ,
(छ) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने ,
(३) समितिको वैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।
(४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

परिच्छेद - ४

**३. शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था**

५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने- (१ नियम: ११ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सबै मिडियाको माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँपालिकामा सूचना टाँस गर्नु पर्नेछ ।

६.शिक्षक छनौट समाबेसि बनाउनु पर्ने- : शिक्षक छनौटलाई गाउँ कार्यपालिकाबाट स्विकृत करार शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने गर्नु पर्ने छ । ( निजि स्रोतमा लामो समय देखि सेवा गरि आएको भए सेवा बर्षको आधारमा पनि प्रति सेवा बर्ष १ अंक दिनु पर्ने छ । साथै यस्तो अंक दिदाँ वढिमा १० वर्ष सम्मको दिन पाइनेछ )

७. दरखास्त बुझाउनु पर्ने- प्रतियोगितामा : भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**८.योग्यता सम्वन्धि व्यवस्था -:** करार शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

क) मा.बि. तह (९-१०) सम्बन्धी बिषयमा स्नातक तह
ख) आ.बि तह (६-८) सम्बन्धीत बिषयमा प्रबिणता प्रमाण तह
ग) प्रा. बि. तह (१-५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्त्तिण गरेको ।
(ङ) आधारभूत तह कक्षा (६-८) कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुपर्ने ।

**९.उम्मेदवारको लागि योग्यता**

(१) : शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य - संचालन तथा व्यवस्थापन कार्यविधि - २०७५ बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(२): करार स्वयम सेवक शिक्षक भर्ना गर्न अध्यापन अनुमतिपत्र अनिवार्य गरिएको छ ।

Scanned by CamScanner

**१०. पाठ्यक्रम, परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया**

१: स्वयम्सेवक शिक्षकको लागि लिईने परीक्षाकोपाठ्यक्रम,परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रियाशिक्षा सम्बन्धि अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

२ : लिखित ,मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ ।

३) : गाउँपालिका नियुक्त भएका स्वयम् सेवक शिक्षकले आफुले कार्यरत बिद्यालयको एक चौमासिक प्रगति ( **प्रत्येक महिनाको अन्त्यम दिन विद्यालयमा विद्यार्थी, अभिभावक, शिक्षक र जनप्रतिनीधि विचको अन्तरक्रिया कार्यक्रम गरेको)** बिववरण, आफ्नो प्रगति बिवरण र कार्ययोजना पेश अनिवार्य गर्नु पर्ने छ । प्रगति विवरण र कार्ययोजना पेश नगर्ने शिक्षकको पारिश्रमिक रोक्का गर्न सकिने छ ।

४) करारमा नियुक्त भएका शिक्षकको प्रगति विवरण प्राध्यानाध्यापकले चौमासिक रुपमा बुझाउनु पर्ने छ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| परीक्षाको किसिम | | अंकभार |
| | (क) लिखित | १०० अंक |
| | (ख) अन्तरवार्ता वापत | २५ अंक |
| | १. शैक्षिक योग्यता वापत | आवस्यक योग्यता भन्दा माथिल्लो ,प्रथम,द्धितिय र तृतिय श्रेण आधारमा क्रमश : ५, ३, २ र १ |
| | २.अनुभव वापत | प्रत्येक वर्षको १ अंकका दर ले वढि १० अंक |
| | आवस्यक भएमा प्रयोगात्मक समेत गरिनेछ । | |

Scanned by CamScanner

**पारिश्रमिक र बिदा सम्वन्धि व्यवस्था** परिच्छेद - ५

१२. मासिक पारिश्रमिक सम्वन्धि व्यवस्था : विभिन्न तहमा नियुक्त स्वयम् सेवक करार शिक्षकहरुको मासिक पारिश्रमिक देहाय बमोजिम हुनेछ । साथै चार्डपर्व खर्च र पोशाक खर्च उपलब्ध गराईने छैन ।

(क) मा.बि.तह - १५,०००।००

(ख) आधारभूत तह - १२,५००।००

(ग) प्रा.वि. तह - १०,०००।००

**१३.बिदा सम्वन्धि व्यवस्था :**

(क) स्वयम् सेवककरार शिक्षकले महिनामा १ दिन क्या.वी.प.वी विदा पाउनेछन् ।उल्लेखित विदा सचित हुने छैन ।

(ख) स्वयम् सेवक करार शिक्षकको विदा स्वीकृत सम्वन्धित विद्यालयको प्र.अ.ले गर्नेछ र सो को जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

ग) किरिया विदा नेपाल सरकारको नियमानुशार हुनेछ र सुत्केरी विदा ३० दिन दिइने छ र सो वाफतको भत्ता भने दिइने छैन ।

Scanned by CamScanner